# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाडौं
## “विकास ऋणपत्र २०७७” निष्कासन सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहायका विशेषता एवं शर्तहरु सहित **“विकास ऋणपत्र २०७७”** (७ वर्षे) बोलकबोलको माध्यमबाट निष्कासन गरिने भएको हुँदा खरीद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, गैर बैंक वित्तीय संस्था, संगठित संस्था लगायत नेपाली नागरिकलाई निर्धारित मिति र समय भित्रमा सो सम्बन्धी बोलकबोल फाराम पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | (क) ऋणपत्रको नाम | : | **“विकास ऋणपत्र २०७७” (७ वर्षे)** । |
| | (ख) निष्कासन गरिने कूल रकम | : | **रु.६०० करोड** ( (छ सय करोड रुपैयां मात्र) । |
| | (ग) व्याजदर | : | बोलकबोलको माध्यमबाट बजारद्वारा निर्धारण हुने (अर्धवार्षिक रुपमा व्याज भुक्तानी हुने र आर्जित व्याजमा व्याजकर लाग्ने ) |
| | (घ) खरिदकर्ता | : | बैंक तथा वित्तीय संस्था, गैर बैंक वित्तीय संस्था, संगठित संस्था लगायत नेपाली नागरिक । |
| | (ङ) निष्कासन प्रक्रिया | : | बोलकबोल प्रक्रियाद्वारा । |
| | (च) बोलपत्र पेश गर्ने मिति | : | **२०७० पुष ४ गतेका दिन अपरान्ह २:०० बजेभित्र** यस विभागमा वा यस बैंकका उपत्यकाबाहिरका कार्यालयहरुमा शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने । |
| | (छ) निष्कासन हुने मिति | : | **२०७० पुष ८ गते** । |
| | (ज) सांवा भुक्तानी हुने मिति | : | **२०७७ पुष ८ गते** । |
| | (झ) धितो सम्बन्धी व्यवस्था | : | यो ऋणपत्र धितो राखी कर्जा लिन दिन पाइने । |
| | (ञ) खरिद गर्न सकिने रकम | : | न्यूनतम रु.५०,०००।-वा सोले भाग गर्दा नि:शेष हुने अंकमा कूल निष्कासित रकमसम्म । |
| | (ट) फाराम (प्रतिस्पर्धि र अप्रतिस्पर्धी दुवैले) | : | यस बैंकको वेबसाइट **www.nrb.org.np** अन्तर्गत **Public Debt** भित्र Application Forms मा रहेको Development Bond Application Form बोलकवोल फाराम डाउनलोड गरी प्रयोग गर्नु पर्ने । |

२. यो ऋणपत्र खरीदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त “क”, “ख” र “ग” वर्गका वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा सहभागी हुन पाउने छैनन् । **प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई क्रमश: निष्कासित रकमको ७० र ३० प्रतिशत रकम अर्थात रु.४२० करोड र १८० करोड छुट्याइएको छ** । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकम पूरा बिक्री नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालालाई विक्री गरिनेछ । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोलपत्र पेश हुन आएमा बोलवालाहरुलाई समानुपातिक रुपमा ऋणपत्रको रकम बाँडफाँड गरिनेछ ।

३. उपर्युक्त विकास ऋणपत्रको व्याजदर बोलकबोलको माध्यमबाट बजारद्वारा निर्धारण हुने भएकोले प्राप्त बोलपत्र फाराममा बोलपत्रदाताले कबोल गरेको व्याजदरलाई सानो देखि ठूलो क्रममा मिलाएर राखी निष्कासित रकमसम्ममा कायम भएको व्याजदरलाई Cut-Off व्याजदर कायम गरी सोहि Cut-Off व्याजदरमा सो Cut-Off व्याजदर भन्दा मुनीका सबै मागकर्तालाई उक्त ऋणपत्र उपलब्ध गराइनुका साथै अप्रतिस्पर्धी बोलवालालाई पनि सोहि Cut-Off व्याजदरमा नै ऋणपत्र उपलब्ध गराइनेछ ।

४. **प्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम र कबोल गरेको व्याजदर (दशमलव पछाडी दुई अंकसम्म मात्र) बोलकवोल फाराममा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । इच्छुक खरीदकर्ताले बहु व्याजदरमा समेत बोलपत्र पेश गर्न सक्नेछन् ।**

५. अप्रतिस्पर्धी बोलवालाले उपर्युक्त बोलकबोल फाराममा खरिद गर्न चाहेको रकम मात्र उल्लेख गर्नु पर्नेछ । प्रतिस्पर्धी बोलकवोलबाट निर्धारित व्याजदरमा अप्रतिस्पर्धी बोलवालालाई ऋणपत्र विक्री गरिनेछ ।

६. नेपाल राष्ट्र बैंकमा खाता भएका बैंक तथा वित्तीय संस्थाहरुवाहेकका अन्य बोलवालाहरुले आफूले खरिद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको १२०००००/०१५-१११-५२४ **(Bond Application A/C)** खातामा जम्मा गरी अर्नेष्टमनीको सक्कल भौचर बोलकवोल फारामसाथ पेश गर्नु पर्नेछ । तर नेपाल राष्ट्र बैंकमा खाता भएका बैंक तथा वित्तीय संस्थाहरुले उक्त अर्नेष्टमनी वापतको रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नुपर्नेछ । व्यक्ति बोलवाला भएको खण्डमा निजको नागरिकता प्रमाणपत्रको छविचित्र समेत पेश गर्नु पर्नेछ । यस बैंकमा खाता नहुने स्वीकृत बोलवालाले निष्कासन मिति २०७0।९।८ गते दिनको १२:०० बजेभित्र यस बैंकको बैकिङ्ग कार्यालयमा रहेको **१२०००००/०१५-१११-५२४ (Bond Application A/C)** मा रकम जम्मा गरेको भौचर यस विभागमा पेश गरी सक्नु पर्नेछ । उक्त मितिसम्ममा आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापतको रकम जफत हुनेछ ।

७. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना व्याज फिर्ता गरिनेछ ।

८. प्राप्त बोलकबोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अख्तियारी यस बैंकमा रहनेछ ।

९. यस ऋणपत्रको दोस्रो बजार कारोवार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मार्फत हुनेछ ।

१०. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं.४१०१७४१ मा सम्पर्क राख्न अनुरोध छ । यो सूचना बैंकको वेबसाइट **www.nrb.org.np** मा समेत उपलब्ध छ ।

११. बोलपत्र निष्कासन गरिने दिनमा सार्वजनिक वा आकस्मिक विदा परेमा सो दिन पछि कार्यालय खुल्ने दिनमा निष्कासन गरिनेछ ।